# यमुनामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा रौतहट
मधेश प्रदेश, नेपाल

# YAMUNAMAI RURAL MUNICIPALITY
Office of the Rural Municipal Executive
Saruatha, Rautahat
Madhesh Province, Nepal
(सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा)

पत्र संख्या (Ref. No.) :- २०७९/०८०
चलानी नं.(Despatch No.) :- ९६४५
मिति (Date):- २०८०/०३/३१

**विषय :- समाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने सम्बन्धमा ।**

**श्री वडा अध्यक्ष/वडा सचिव ज्यू,**
**१ देखि ५ वटै वडा कार्यालय,**
**यमुनामाई गाउँपालिका, रौतहट ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग काठमाण्डौको प.स. ०७९/०८०, च.न. सा.सु १६०, मिति २०८०/०३/२९ पत्रानुसार अगामी आ.व.२०८०/०८१ मा सामाजिक सुरक्षा भता प्राप्त गर्न सामाजिक सुरक्षा नियमावली २०७६, को मिति २०७९/०६/१० मा दोस्रो संशोधन भई भाद्र मसान्त सम्म नवीकरण गर्ने प्रावधान रहेको हुदाँ सम्वधित लाभग्राहीहरु यथाशिध्र श्रावण मसान्त भित्र आ-आफ्नो वडा कार्यालयमा अनिवार्य स्वयम् उपस्थित भई तपसिलका सक्कल कागजातको प्रतिलिपी सहितको निवेदन पेशी गरी नवीकरण गर्न/गराउन हुन अन्रोध छ । सथै विभागको पत्र तथा नवीकरण गर्ने अनुसूची-२, को निवेदन फर्मेट समेत यसै साथ संलग्न राखी पठाईएकोले सम्वन्धित सवैमा सूचना प्रचार-प्रसार गराई नवीकरण भई आएका विवरणहरु भाद्र ५ गते भित्र यस यमुनामाई गाउँपालिकाको कार्यालयको पञ्जिकरण शाखामा पठाईदिनु हुन जानकारीका लागि अन्रोध छ ।

नोट : सामाजिक सुरक्षा भता वितरण कार्याविधि, २०७७ को दफा ४ उपदफा ६ बमोजिम समय भित्र नवीकरण नभएका लाभग्राहीहरुको नाम MIS System बाट स्वत: लागत कटट्टा भई जाने भएकोले भत्ता प्राप्त गर्नबाट वञ्चित भएमा स्वयम् लाभग्राही जिम्मेवार हुने छ । साथै नीज नवीकरण नगराईएको व्यक्ति भत्ता प्राप्त गर्न पुन: लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन पेश गरिएको प्राप्त मितिको अर्को महिना देखि भत्ता लागु हुने व्यवस्था रहेको व्यहोरा समेत सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

नविकरणका लागि चाहिने अनिर्वाय कागजातहरु

१. परिचयपत्रको प्रतिलिपी - १ थान,
२. पासपोर्ट साईजको फोटो -२ प्रति,
३. नागरिकता प्रमाण पत्रको प्रतिलिपी - १ थान,
४. एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी - १ थान,
५. अपाङ्गको हकमा अपाङ्ग कार्ड परिचयपत्रको प्रतिलिपी - १ थान,
   संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी - १ थान,
   र १६ बर्ष माथि भएका अपाङ्गको नागरिकता प्रमाण पत्रको प्रतिलिपी - १ थान,
६. क्षेत्र तोकिएको बालबालिकाको हकमा जन्मदर्ता प्रतिलिपी - १ थान,
   र बुवा/आमा/संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी - १ थान,
७. लाभग्राहीको खाताको चेकको प्रतिलिपी - १ थान,